स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




अभिनेता बिपिन कार्कीका पछिल्ला दुई फिल्मले बक्सअफिसमा कमजोर ब्यापार गरे । 'प्रसाद २'को कूल कमाइ ८१ लाख ग्रस मात्र छ । 'एक भागवत् र एक गीता'को कलेक्सन सार्वजनिक छैन । यद्यपि, फिल्मले न्यून कमाइ गरेको छ । अघिल्ला दुई फिल्मले व्यवसायिक 'सेटब्याक' प्राप्त गरेपछि अब कार्कीको ध्यान प्रदर्शन तयारीमा रहेको 'पशुपति प्रसाद २ : भष्मेडन'मा केन्द्रित छ । के लगातारको बक्सअफिस संकटबाट 'भष्मे डन'ले विपिनलाई उद्धार गर्ला ?

आजको विचार...



नारायण तिमिल्सेना

किसानका... (दुई पेजमा)

ज्ञानेन्द्र देउजाको निर्देशनमा फिल्म 'उपहार'को छायांकन अहिले भइरहेको छ । दशैंअघि छायांकन सक्ने लक्ष्य लिइएको यो फिल्ममा रेखा थापा, पूजा शर्मा र बेनिशा हमालको शीर्ष भूमिका छ । यी तीन अभिनेत्रीले दिनरात खटेर फिल्मको सुट गरिरहेका छन् । तीन महिला पात्रमार्फत निर्देशक देउजाले कथावाचन गर्दैछन् । छायांकन सेटबाट पूजा शर्माको ताजा तस्वीर सार्वजनिक भएको छ, जसमा उनी रोमान्टिक मुडमा प्रस्तुत छिन् । निर्देशक देउजाका अनुसार फिल्ममा शर्माले आधुनिक चुलबुले युवतीको भूमिका निर्वाह गरेकी छन् ।




❐ वर्ष २९ ❐ अंक ७२ ❐ २०८० असोज १० गते बुधबार 27 September 2023, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-


## संक्षिप्त समाचार

### राउटेलाई दशैं खर्च



**तुलसीपुर (दाङ),** असोज ९/ लुम्बिनी प्रदेश सरकार अर्थ मन्त्रालयले राउटे समुदायलाई दशैं खर्च उपलब्ध गराएको छ । मंगलबार दशैं खर्च माग गर्दै मन्त्रालय पुगेका राउटेलाई प्रदेश सरकारले दशैं खर्च उपलब्ध गराएको हो ।

अर्थमन्त्री धनबहादुर मास्कीले दशैं खर्च वापत २५ हजार उपलब्ध गराएका हुन् । सुर्खेतबाट आएका राउटेका मुखिया विर्खबहादुर शाही, लालबहादुर शाही र जीवन शाहीलाई उक्त रकम हस्तान्तरण गरिएको हो । उनीहरु प्रत्येक वर्ष तीज, दशैं र तिहारमा सरकारसँग खर्च माग गर्दै आएका छन् । केहीदिनदेखि उनीहरु दाङ र यसका आसपासका सरकारी कार्यालयमा गइ दशैं खर्च माग्दै आएका थिए । *-रासस*

## आज विश्व पर्यटन दिवस

# पर्यटकीय सिजन नै छैन उत्साजनक

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज ९/विश्व पर्यटन दिवस आज नेपालसहित विश्वमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ । यो वर्ष 'पर्यटन र हरित लगानी' नारासहित विश्व पर्यटन दिवस मनाउन लागिएको हो । संयुक्त राष्ट्रसंघीय विश्व पर्यटन संगठनको स्थापनासँगै उक्त दिनको सम्झनामा हरेक वर्षको सेप्टेम्बर २७ मा यो दिवस मनाउने गरिन्छ ।

सेप्टेम्वर-नोभेम्वर मुख्य गरी पर्यटकीय सिजन मानिन्छ तर केही वर्ष यता पाल्पा सहित देशका अधिकांश पर्यटकीय क्षेत्रहरुमा उतसाजनक देखिदैन । केही वर्षअघिसम्म मुख्य सिजनमा आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमनले पर्यटन क्षेत्रको चहलपहल ह्वात्तै बढ्ने गर्दथ्यो । लामो समय अफसिजन गुजारेका पर्यटन व्यवसायी जहिल्यै सिजनको सुखद्



फाइल फोटो

पर्खाइमा हुन्थे । त्यही अनुसार सेप्टेम्बर-नोभेम्बर व्यवसायीको तीव्र पर्खाइमा रहन्थ्यो । तर, पछिल्लो समय पर्यटनको मुख्य सिजन सुखद् हुन सकेको छैन । पर्यटक भित्रिने मुख्य सिजन भएपनि सुखद् नहुनुमा पाहुना आगमन सन्तोषजनक रुपमा बढ्न नसकेको व्यवसायीको गुनासो छ । कोभिड-१९ महामारीका कारण नराम्रोसँग धाराशयी बनेको पाल्पाको पर्यटन क्षेत्र अहिले पनि राम्रोसँग उठ्न सकेको छैन । वि.स. २०७२ को विनाशकारी भूकम्पपछि विस्तारै बामे सर्दै गरेको पर्यटन क्षेत्रमा कोभिडले नराम्रोसँग असर गरेपछि पर्यटकीय सिजनमा समेत सुनसान जस्तै छ । विगत दुई वर्षदेखि कोरोना महामारीका कारण सुस्ताएको यहाँको पर्यटन र होटल व्यवसाय पुरानै लयमा फर्किने आशा गरे पनि त्यस्तो छैन् । यहाँका धार्मिक, ऐतिहासिक र पर्यटकीय क्षेत्र यतिबेला सुनसान जस्तै बनेका छन् । यो समयमा नेपालको ताजमहल रानीमहल दरबार, एसियाकै ठूलो त्रिशुल रहेको भैरवस्थान, रम्भादेवी मन्दिर, तालपोखरा, राम्चे दृश्यावलोकन (भ्यू टावर) क्षेत्र, रामघाट, सिद्धबाबाधाम, श्रीनगरडाँडा लगायतका स्थानमा आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन हुने गरे पनि अहिले सुनसान जस्तै देखिएको पाल्पाली होटल व्यवसायी राजु महर्जनले बताए । उनले भने 'पाल्पामा थुप्रै पर्यटकीय क्षेत्रहरु भए पनि स्थानीय, प्रदेश, संघीय सरकार र पर्यटनसँग सम्बन्धित निकायहरुले तिनीहरुको विकासमा ध्यान दिन सकेका छैनन् । जसले गर्दा पर्यटकहरुको आगमन हुन सकेको छैन ।' ऐतिहासिक पाल्पा दरबार, श्रीनगर, रानीमहल, माडीफाँट, जस्ता सयौ पर्यटकीय क्षेत्रहरू व्यवस्थित गर्न सके मात्र पनि तानसेनमा दैनिक हजारौं पर्यटक भित्र्याउन सकिने महर्जनले बताए । यहाँका थुप्रै पर्यटकीय स्थलहरु रहे पनि व्यवस्थापन र प्रचार-प्रसार हुन नसक्दा तानसेनको विकास हुन नसकेको उनको भनाई छ । 'तानसेनमा थुप्रै लगानीकर्ता छन्, तर यहाँ आउने पर्यटकहरूलाई लामो समयसम्म अड्याई राख्न सकेका छैनौ । जसका कारण यहाँको व्यापार समेत खस्कदो छ, पर्यटकहरु अड्याउनका लागि सोही अनुसारको पूर्वाधार निर्माण हुनुपर्छ तर यहाँ त्यसो हुन सकेको छैन' व्यवसायी महर्जनले भने । उनले व्यापार फष्टाउन सके मात्र तानसेनको विकास हुने बताए । पर्यटनबाट हुने आम्दानी हेर्ने हो भने यतिबेला पाल्पाका धेरै व्यवसायी सिजनबाट सन्तुष्ट छैन । सेप्टेम्बरको समयलाई व्यवसायीले सिजन सुरुवात मान्दथे । अक्टोबर र नोभेम्बर त झनै 'पिक' सिजन मानिन्थ्यो । तर, पाल्पामा बाह्रै महिना पर्यटनको सिजन भए पनि पर्यटकहरुको भित्रिन सकेका छैनन् ।


*(...बाँकी अन्तिम पेजमा)*



सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरूबाट प्रदान गरिने सेवा सुविधा सम्बन्धमा कुनै किसिमको दुःख-कष्ट वा अनावश्यक ढिलासुस्ती, झण्झट वा अप्ठ्यारा भोग्नुपरेमा सोको सूचना र सेवा प्रवाह सुधारको लागि कुनै सुझाव भए राष्ट्रिय सतर्कता केन्द्रमा जानकारी गराऔं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

विज्ञापन बोर्ड


# कोइला अभावमा आरन व्यावसायी समस्यामा

**गल्याङ (स्याङ्जा),** असोज ९/ विश्वकर्मा समुदायको पुर्खौली पेसाका रुपमा रहेको आरन व्यवसायका लागि कोइलाको अभाव हुन थालेको छ । कोइला बजारमा प्रयाप्त किन्न नपाइने तथा कोइला बनाउन आवश्यक पर्ने रुख र वुट्यान सजिलै नपाइने भएपछि आरन पेसा गर्दै आएका विश्वकर्मा समुदायले समस्या झेल्दै आएका छन् । स्याङ्जाको गल्याङ नगरपालिका-७ भट्टीडाँडाका ६१ वर्षीय सुकबहादुर विश्वकर्माले ४८ वर्षदेखि आरन पेसा गर्दै आएका छन् । उनी वालिङ नगरपालिका-११ बाँयखोलाबाट २२ वर्ष पहिले गल्याङमा बसाइँ सरेर यहाँ आएका हुन् ।



विश्वकर्माले गल्याङ बजारस्थित तल्लो गल्याङ जाने घुम्तिमा एएमसी कृषि औँजार निर्माण उद्योगको नाममा आरन व्यवसाय गर्दै आएका छन् ।

यहाँ मुलिवास, देवीथान, पेलाकोट, सल्यान, स्यालवास, कल्लेरी, सौरभञ्याङ, गल्कोट, ग्वादी, गल्याङ र ग्वादीका किसान औजार मर्मत गर्न तथा किन्न आउने गरेको उनले जानकारी दिए ।


*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## दलहरुमा सुधारको खाँचो

नेपाली राजनीतिक चरित्रको कुरा गर्दा पुराना दलहरु प्रतिको वितृष्णा अहिले दिन प्रति बढ्दै गएको छ । मुलुकको आर्थिक अवस्था कमजोर हुँदै जादा राजनीतिक दलहरु त्यसतर्फ गम्भीर बन्नुपर्नेमा सत्ता र शक्तिको मोहमा तछाडमछाड गर्न व्यस्त छन् । समस्याको पहिचान गर्नेतर्फ ठूलादलका नेताहरुको ध्यान जुन रुपमा जानुपर्ने हो त्यो रुपमा नगएको अवस्थाप्रति आम नागरिक चिन्तित छन् । अहिलेको अवस्था दिन प्रतिदिन जटिल बन्दै गएको छ । यसले अबको मुलुक हरेक किसिमका समस्याबाट उन्मुक्त नभएको आभास गराएको छ । अहिलेको अवस्थामा सरकार चलाउँने प्रक्रिया र प्रतिपक्षको भूमिका कुनै पनि रुपमा प्रभावकारी देदिखैनन् । सरकार जनता र जनताका समस्या समाधान र पहिचान समेत गर्न चाहेको देखिदैन । यो अत्यन्त दुखको कुरा हो । विभिन्न खालका समस्याहरुको समाधानका लागि सरकारले दिनुपर्ने ध्यान कहि कतैबाट पनि हुन नसके पछि दिन प्रति दिन नेपाल र नेपालीहरु पुरानादलहरुसँग निराश भएका छन् ।

लोकतन्त्रका न्यूनतम मूल्य र मान्यताका स्वरुपलाई सरकार र प्रतिपक्ष कसैले पनि जनता प्रति उत्तरदायित्वबोध गरेको देखिदैन । गरीबी र अशिक्षाको पहाडलाई सम्याउँने नाममा ठूलावडा र सम्पन्न व्यक्ति अनि परिवारको मात्रै पहुँचलाई प्राथमिकता दिँदै जानु आफैमा दुःखद् अवस्था हो । सरकारले आफै घोषणा गरेका आफ्ना नीति र कार्यक्रमप्रति फर्केर पुर्नविचार गरी कार्यान्वयन भए नभएको हेर्ने र त्यसको समीक्षा गर्ने बानीको विकास भएको छैन । त्यस कारण पनि समस्याहरु झन् भन्दा झन् थपिएका हुन् । सरकारमा सधैं बसी रहनुपर्ने अनि जनताका समस्याहरु प्रति वास्तै नगर्नु गलत हो । नेता र दल आर्थिकरुपमा बलिया हुँदै जाने र देश कमजोर हुने अवस्थाको अन्त्यका लागि नयाँ सोंचका साथ दलहरु अगाडि बढेनन् भने देशले फेरि पनि अस्थिरता बाहेक केही पाउँन सक्दैन । तसर्थ जनताको समस्याप्रति संवदेनशील र राजनीतिक स्थिरताका लागि राजनीतिक दलहरु सुधारिएर जान जरुरी छ ।

## Opinion @ Social Network

कसैले केही भन्यो भन्दैम आफु दु:खी नबन
किनकी सबैले आफ्नो औकात अनुसारको व्यवहार देखाउने हो ।
(दिलमाया शाहीको फेसबुक स्टाटसबाट www.facebook.com//dilmaya.shahi)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# किसानका शत्रु : बाँदर, बँदेल र दुम्सी



नारायण तिमिल्सेना

*करीब करीब सबै जसो पहाडी क्षेत्रमा उत्पादन हुने फलफुल, अन्नबालीलाई क्षति पुऱ्याएपछि कृषकहरु कृषि पेशाप्रति उत्साहीत हुन छाडिसकेका छन् । बाँच्नका लागि आधारभुत आवश्यक्ता खाना हो । यसरी अन्न उत्पादनमा क्षति पुग्नु, ह्रास आउनुले बजार मूल्यलाई पनि प्रत्यक्ष प्रभाव पार्दछ । अर्थशास्त्रको नियामानुसार उत्पादन घटेपछि बजार मूल्य बढेर जान्छ । आम जनतालाई खरीद गरेर पेट पाल्न अप्ठ्यारो अवस्था सिर्जना हुँदै गएको छ ।*

नेपाल सार्क राष्ट्र मध्ये दोश्रो धेरै वन जंगलले आगेटेको मुलुक हो । करीब ४४.७४ प्रतिशत जमिन वन क्षेत्रले ओगटेको छ । नेपालको भौगलिक बनावट अनुसार पाँच प्रकारका जंगलहरु रहेका छन् । उष्णप्रदेशिय सदाबहार जंगल, न्यानो समशितोष्ण पतझर जंगल, ठण्डा समशितोष्ण पतझर जंगल, कोणधारी जंगल र हिमाली/टुण्ड्रा जंगल गरी समुन्द्र सतहदेखि उचाई अनुसार पाँच प्रकारका जंगलहरु रहेका छन् ।

वन ऐन २०७६, अनुसार नेपालका वनलाई दुई भागमा विभाजन गरिएको छ । जसलाई राष्ट्रिय वन र निजी वन भनिन्छ । यिनी मध्ये राष्ट्रिय वनलाई सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, धार्मिक वन र वन संरक्षण क्षेत्र गरी पाँच प्रकारमा विभाजन गरिएको छ । यि वन मध्ये मध्य पहाडी क्षेत्रमा सबै भन्दा बढी सामुदायिक वनले क्षेत्रफल ओगटेको छ । साथै वन संरक्षण, संम्वर्द्धन, व्यवस्थापन तथा उपयोगको हिसाबले पनि सामुदायिक वन मध्य पहाडी क्षेत्रमा सफल भएको मान्न सकिन्छ । सामुदायिक वन तथा अन्य समुदायबाट परिचालित वन व्यवस्थापनबाट पर्यावरण संरक्षणका अतिरिक्त प्रत्यक्ष तथा अप्रत्यक्ष धेरै लाभ लिएका छन् । यि वन क्षेत्रबाट घरायसी तथा व्यवसायिक प्रयोजनका लागि काठ, दाउरा, घाँस, जडिबुटी लगायतका वस्तु तथा सेवाबाट बढ्दो रुपमा लाभ लिइरहेका छन् । यि वनले वन्यजन्तु संरक्षणका लागि समेत ठूलो योगदान दिएको पाइन्छ । यसरी घरबारी छेउछाउबाट शुरु भएका समुदायमा आधारित वन व्यवस्थापन प्रणालीबाट संरक्षित रहेका वन्यजन्तुबाट पारीस्थितिक प्रणाली सन्तुलन भएको छ । यद्यपि बाँदर, बँदेल र दुम्सी जस्ता वन्यजन्तुको संख्या अत्याधिक वृद्धि हुँदै गएपछि भने यसको मारमा किसानहरु रहेका छन् । यसर्थ यहाँ जंगली जनावर बाँदर, बदेल र दुम्सीले किसानलाई पारेको प्रभावका विषयमा केन्द्रीत रहेर यहाँ चर्चापरिचर्चा गर्ने प्रयास गरिएको छ ।

ग्रामीण क्षेत्रका किसानको मुख्य पेशा कृषि रहेको छ तर पछिल्लो समय उनीहरुलाई अन्न बाली लगाउन र स्यार्न भन्दा बढी अन्न जोगाउन गार्हो परेको छ । त्यति मात्र होइन ग्रामीण क्षेत्रमा भएको बाँदर आतंक, बसाई सराईको मुख्य कारण मध्येको एउटा कारण बनेको छ । करीब करीब सबै जसो पहाडी क्षेत्रमा उत्पादन हुने फलफुल, अन्नबालीलाई क्षति पुऱ्याएपछि कृषकहरु कृषि पेशाप्रति उत्साहीत हुन छाडिसकेका छन् । बाँच्नका लागि आधारभुत आवश्यक्ता खाना हो । यसरी अन्न उत्पादनमा क्षति पुग्नु, ह्रास आउनुले बजार मूल्यलाई पनि प्रत्यक्ष प्रभाव पार्दछ । अर्थशास्त्रको नियामानुसार उत्पादन घटेपछि बजार मूल्य बढेर जान्छ । आम जनतालाई खरीद गरेर पेट पाल्न अप्ठ्यारो अवस्था सिर्जना हुँदै गएको छ । यसै पनि परम्परागत खेती प्रणालीमा आधारित रहेर कृषि गरी रहँदा उत्पादनमा बढोत्तरी हुन सकेको छैन । त्यस माथि पनि यस्ता वन्यजन्तुको शिकारबाट क्षति पुग्नाले कृषकहरु निराश हुनु स्वाभाविक नै हो । अन्य आय आर्जनका श्रोत नभएका कृषकहरु थप गरीब बन्ने कारण मध्ये प्रमुख कारण पनि यही हो । कतिपय पहाडी क्षेत्रका ठाउँमा बाँदर, जंगली बँदेल जस्ता वन्यजन्तु बालबालिकालाई आक्रमण गरेका घटना पनि छन् । विद्यार्थीहरुलाई विद्यालयमा आवतजावतमा पनि समस्या गराएको देखन सकिन्छ । महिला तथा बालबालिकाहरु सामान्य अवस्थामा हिँडडुल गर्न समेत अफ्ठेरो बनाएका घटना समेत सञ्चार माध्यममा आएका छन् । यस्ता घटनाबाट हुने क्षतिलाई न्यूनिकरण गर्न 'वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०' आएको छ ।

यस निर्देशिकामा मानविय क्षति, पशुधनको क्षति, भण्डारण गरेको अन्नको क्षति, घरगोठ क्षति, बाली क्षति, माछा क्षति र कुखुरा क्षति गरी सात प्रकारका क्षतिलाई राहत वितरणको व्यवस्था गरिएको छ । यो निर्देशिका 'वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९' भन्दा राहतको रकममा सुधार गरी आएको भएता पनि पर्याप्त भने छैन् । साथै राहत सहयोग निर्देशिकाबाट प्राप्त हुने राहत पाउन लामो प्रक्रिया, अप्ठेरो कानुनी व्यवस्था र कानुन प्रावधान बारे जानकारी नभएकाले वन्यजन्तुका आक्रमणबाट क्षति पुगेका पिडित स्थानीय जनताले लाभ पाउन सकेका छैनन् । साथै प्रक्रिया पुरा गरेर लाभ पाएका पिडितलाई पनि सो राहत रकम पर्याप्त नभएको हुँदा वन्यजन्तु संरक्षणका लागि सकारात्मक छैनन् । नेपालमा बाँदर, जंगली बँदेल सहित जम्मा १६ वटा वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण गर्ने कानुनी प्रावधान रहेता पनि विशेष गरी पहाडी क्षेत्रमा यी बाहेक दुम्सी, रतुवा, जंगली खरायो लगायत अन्य वन्यजन्तुले समेत क्षति पुऱ्याउने गर्दछन् जुन क्षतिको राहत प्रदान गरिने वन्यजन्तु अन्तर्गत पर्दैनन् । विशेष गरी पाल्पा लगायतका ग्रामीण क्षेत्रमा बाँदरको सँख्या अत्याधिक वृद्धि भएकाले राहत वितरण सँग-सँगै सँख्या नियन्त्रणमा ध्यान दिन जरुरी देखिन्छ ।

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १० अनुसार २६ प्रकारका स्तनधारी जनावर, ९ प्रकारका पशुपंक्षी र ३ प्रकारका सरिसृपलाई संरक्षित जनावरको सूचीमा राखिएका छन् । यस्ता संरक्षित वन्यजन्तुलाई मार्न नपाउने कानूनी प्रावधान रहेको छ । यि संरक्षित वन्यजन्तु भित्र बाँदर बँदेल पनि पर्दछन्, जसले ग्रामीण क्षेत्रको कृषि पेशालाई अत्याधिक क्षति पुऱ्याइरहेका छन् र सँख्या पनि अत्याधिक वृद्धि भई रहेका छन् । यस्ता वन्यजन्तु जसलाई नियन्त्रण गर्ने कानूनी व्यवस्था पनि गरिएको छैन । केही वन्यजन्तुलाई संरक्षण गरेर मात्रै नहुँदो रहेछ । किसानका हितका लागि पनि अब स्थानीय स्तरमा बाँदर नियन्त्रण गर्ने अधिकार दिनुपर्छ । यदि यो सम्भव छैन भने समात्न दिनुपर्छ । किसानले समातेका बाँदरलाई उचित ठाउँमा राख्ने व्यवस्था गर्नुपर्छ । रेखदेख र पालनपोषणको जिम्मा सरकारले लिनुपर्छ । बाँदरलाई समाउन त्यति गाह्रो पनि छैन । बाँदर खानेकुराका लागि ज्यान फाल्ने जनावर हो । यसलाई समाउन स्थानीय स्तरमा उपलब्ध काठ, बाँसको खोर बनाउन सकिन्छ । खानेकुराका लागि त्यहाँ छिर्न सक्ने र बाहिर निस्कन नसक्ने व्यवस्था गर्न सकिन्छ । हुलका हुल आउने बाँदरलाई पनि थुप्रै खोरमा पारेर समात्न सकिन्छ । यसरी समात्न पाउने व्यवस्था गर्न सकियो भने पनि किसानले बाँदरको समस्याबाट मुक्ति पाउँथे । तर, यति ठूलो समस्याबारे स्थानीयदेखि संघीय सरकारले खासै चासो दिएको देखिंदैन । अहिले उसै त किसानले खेतीपाती गर्ने काम कम हुँदै गएको छ, झन् बाँदर आतङ्क कायम रह्यो भने के होला ?

***(लेखक समृद्धिका लागि वन परियोजना बगनासकाली गाउँपालिका पाल्पाका फोकल पर्सन समेत हुन् ।)***

# किन बिग्रिदै छ भैरव जनता ?

पाल्पाको रिब्दीकोट गाउँपालिका- ४ भैरवस्थानमा रहेको भैरव जनता माध्यमिक विद्यालयले थुप्रै देशका लागि आवश्यक थुप्रै जनशक्ति उत्पादन गरिसकेको छ । आफुलाई शैक्षिक क्षेत्रको रुपमा छुट्टै पहिचान बनाउन सफल भएको यस विद्यालय पछिल्लो समय भने ओलाचित बन्दै गएको छ ।

विद्यालयमा २३ भाद्र २०८० मा तृतीय तह मावि गणित विषय शिक्षक सरुवा सहमति दिइएपछि यति बेला आलोचनाको विषय बनेको छ । सरुवा सहमति पत्रको कार्यान्वयन नहँदै शिक्षक नराखी आफैले गरेको निर्णय प्रति असहति जनाउनु दुखद् हो । शिक्षक राखनलाई ध्यान नदिई गैरजिम्मेवार ढङ्गबाट विद्यार्थीको पठन-पाठनलाई समेत प्रभावित बनाइएको कुराले हामी अभिभावक अत्यन्त चिन्तित बनेका छौं । गणित जस्तो जटिल विषयमा विद्यार्थीको भविष्यमा खेलबाड गर्दै विद्यालय प्रशासन र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र समितिका केही आमुक सिमित व्यक्तिको निश्चित राजनैतिक स्वार्थ र प्रभावबाट विद्यालयको पठन-पाठनमा अनिर्णय बनाई प्रभाव पार्ने गतिविधि हुनु गलत हो । विगतमा पनि यस विद्यालयले निमावि तृतीय तह सामाजिक विषय शिक्षक समेत खाली राख्दै विद्यार्थीको भविष्यमा नै खेलबाड गर्ने विद्यालयको सामाजिक साख र गरिमा घटाउने काममा उदृत छ, यस्तो अवस्थामा पुग्ने विद्यालयको हानी नोक्सानीमा जिम्मेवारी कसको भन्ने मुख्य प्रश्न उठ्ने गरेको विषयमा सम्बन्धित सबैमा ध्यानाकर्षण गराउन चाहन्छौं ।

**विद्यालयमा परेको असर :**

* विद्यार्थी बाहिर जानुपर्ने अवस्था सिर्जना ।
* अभिभावकको थप आर्थिक भार सहित मारमा पारिएको ।
* विद्यालयलाई राजनैतिक खेल मैदानको रूपमा प्रयोग गरिएको ।
* विद्यालयको अवस्था दिनहुँ बिग्रिदै र सामाजिक साख गिर्दै गएको ।
* पठन-पाठनमा राजनीतिक गतिविधि बढी देखिएकाले संस्थाप्रति अभिभावक र जनताको विश्वास गर्न नसकिएको र गरिमा घट्दै गएकोले सम्बन्धित निकायलाई ध्यानकर्षणका लागि सचेत अभिभावकको हैसियतमा जानकारीका साथ अनुरोध गरिएको छ ।

***पीडित/सचेत अभिभावकहरू***
***रिब्दीकोट-४, भैरवस्थान, पाल्पा***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : ऋणबाट सामान खरीद गरीनेछ । स्वास्थ्यको विशेष ख्याल गर्नुहोला । | **तुला** : अनावश्यक यात्रा हुनेछ । कार्य सम्पादनमा समस्या आउला । |
| **वृष** : बुद्धि र विवेकको प्रयोग गर्न सके दिनलाई सकारात्मक बनाउने सकिनेछ । | **वृश्चिक** : धार्मिक यात्राको योग छ । नयाँ कार्यको योजना बन्नेछ । |
| **मिथुन** : अनावश्यक ठाउँमा धन खर्च होला । मालसामान हराउन सक्छ । | **धनु** : ताकेको कार्य पुरा होला । दैनिक कार्यमा प्रगति हुनेछ । |
| **कर्कट** : कार्यमा सफलता मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । | **मकर** : कामको थालनी हुनेछ । मनोरञ्जनमा सहभागी भइएला । |
| **सिंह** : शुभचिन्तकहरूले पूर्ण समर्थन प्रदान गर्नेछन् । समस्या सुल्झाउन सकिनेछ । | **कुम्भ** : मठ-मन्दिरको भ्रमणले थप ऊर्जा मिल्नेछ । विद्याको क्षेत्र सबल रहनेछ । |
| **कन्या** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । | **मीन** : मनमा उत्साहका साथै बोली विक्ने समयछ । अतिथीको आगमन हुनेछ । |

## मनोरञ्जन

# पत्रकार चापागाईंको रचनामा ‘परदेशी २’ फिल्मको गीत सार्वजनिक







पत्रकार सतिस चापागाईको रचना, नारायण रायमाझी निर्देशित फिल्म ‘परदेशी २’ को नयाँ गीत बजारमा आएको छ । उक्त रचना रहेको भिडियो म्युजिक नेपाल युट्युब च्यानलमार्फत फिल्ममा समावेश ‘हिजो काम आज काम, काम विदेशमा’ बोलको गीत सार्वजनिक भएको हो । ‘हिजो काम, आज काम, काम विदेशमा, काम भन्दा के नै छ र आमा विदेशमा’ यी मर्मस्पर्शी शब्दहरु गीतमा रहेका छन् । गीतमा परदेशीको पीडा र बाध्यतालाई समेटिएको छ । फिल्मका अभिनेतासमेत रहेका प्रशान्त तामाङले यसमा स्वर दिएका छन् । बि.बि अनुरागीको संगीत र एरेन्ज रहेको गीतलाई श्याम श्वेत रसाईलीले मिक्सिङ गरेका हुन् ।

भिडियोमा फिल्मका शीर्ष कलाकार प्रकाश सपूत र दिलीप रायमाझीसँगै रमा थपलिया लगायतलाई प्रस्तुत गरिएको छ । नारायण रायमाझी निर्देशित ‘परदेशी-२’ बडा दशैंको अवसर पारेर यही असोजको २६ गतेबाट प्रदर्शनमा आउँदैछ । फिल्मलाई नारायण इन्टरनेसनलको प्रस्तुतिमा राजेश बंशल र नारायण रायमाझीले संयुक्त निर्माण गरेका हुन् । प्रकाश र दीलिपसँगै प्रशान्त तामाङ, केकी अधिकारी, वर्षा शिवाकोटी, नीर शाह, रमा थपलिया, सबिन बास्तोता, देवेन्द्र बब्लु लगायतले फिल्ममा अभिनय गरेका छन् । गीतकार रमेश बिजीको लेखन रहेको फिल्मले उच्च शिक्षाका लागि विदेशिने विद्यार्थीहरूको कथालाई चित्रण गर्छ । अध्ययनसँगै अन्य परिवेशमा परदेश पुगेकाहरूको कथा-व्यथालाई समेत फिल्ममा समेटिएको छ । मानकृष्ण महर्जनको छायांकन, अष्ट महर्जनको द्धन्द्ध, रामजी लामिछाने र गोविन्द राईको कोरियोग्राफी रहेको फिल्मलाई दीर्घ खड्काले सम्पादन गरेका हुन् ।

रचनाकार चापागाई १५ बर्षदेखि अमेरिकामा बसोबास गर्दै आएका छन् । लामो समय नवजनचेतना राष्ट्रिय दैनिकमा समेत काम गरेका चापागाईं विगत ३० वर्षदेखि पत्रकारिता क्षेत्रमा सक्रिय छन् । उनले कविता र गीतहरु पनि लेख्छन् । चापागाईं नेप्लिज डायस्पोराका प्राधान सम्पादक र सञ्चालक समेत हुन् ।

# ‘नाङ्गो गाउँ’को सिक्वेल घोषणा




तीजको अवसर पारेर भदौ २९ गतेबाट प्रदर्शनमा आएको फिल्म ‘नाङ्गो गाउँ’ले ‘हिट’को ट्याग पाएसँगै निर्माताले सिक्वेल निर्माणको घोषणा गरेका छन् । निर्माता हिमाल कडरिया र लेखक तथा निर्देशक दीपेन्द्र लामाबीच सिक्वेल बनाउने सहमति भएपछि सोमबार फिल्मको थिम पोस्टर सार्वजनिक गरिएको छ । ‘नाङ्गो गाउँ २’ शीर्षक रहने फिल्मलाई ‘अ पोलिटिकल कमब्याक’ भनिएको छ ।

अभिनेता दयाहाङ राईले निर्वाह गरेको ‘पासाङ’ पात्र केही समयपछि गाउँ फर्किने कथामा सिक्वेल बन्ने निर्देशक लामाले जानकारी गराए । उनले दोस्रो भागको कथा पहिल्यै लेखिसकेका छन् । उनी भन्छन्, ‘अहिले फिल्मको कथा जहाँनिर टुंगिन्छ, त्यो वास्तवमा मध्यान्तर थियो । पटकथामा परिणत गर्दै जाँदा कथा लामो भयो र हामीले दुई भागमै बनाउने सोच्यौं । सिक्वेल एक वर्षपछि बन्छ ।’ जरी (शिशिर वाङ्देल)को आतंकबाट वाक्क भएपछि गाउँलेहरुले काठमाडौं गएर पासाङलाई गाउँमा फर्काउने र जरीको खराब गतिविधिलाई रोक्न पासाङ संघर्षमा होमिएको कथामा सिक्वेल बन्ने निर्देशक लामाले स्पष्ट पारेका छन् । ‘नाङ्गो गाउँ २’अघि निर्माता कडरियाकै निर्माणमा उनले एउटा कमेडी फिल्म बनाउँदैछ । तिहारपछि छायांकनमा जाने फिल्ममा निर्देशक लामाकै लेखन छ । निर्माता कडरियाले दर्शकहरुकै मागअनुसार सिक्वेल निर्माण गर्न लागेको बताएका छन् । ‘धेरै दर्शकले नायकको हार र पलायनमा दु:ख व्यक्त गर्दै सिक्वेलको माग गर्नुभयो,’ उनले भने, ‘छायांकनकै दौरानमा हामीले दोस्रो भागको परिकल्पना गरिसकेका थियौं । अहिले दोस्रो भागको माग आएकाले हामी यसको योजनामा अगाडि बढेका हौं ।’ फिल्ममा ‘नाङ्गो गाउँ’कै स्टारकास्ट दोहोरिनेछ ।

*-फिल्मी खबर डटकम*

# जसिता र अभिमन्यूको ‘हनी बनी’ माघ २६ मा प्रदर्शन हुने

दिवाकर भट्टराई निर्देशित फिल्म ‘हनी बनी’को प्रदर्शन मिति तय भएको छ । निर्माताले सोमबार पोस्टर सार्वजनिक गर्दै माघ २६ गतेलाई रिलिज डेटको रुपमा घोषणा गरेका हुन् । सार्वजनिक फस्टलुकमा अभिनेता अभिमन्यु तोमर र अभिनेत्री जसिता गुरुङ रोमान्टिक मुडमा देखिएका छन् । तोमर भारतीय मोडल हुन् । यो नै उनको डेब्यु फिल्म हो ।

दिल्लीमा जन्मिएका तोमरले केही हिन्दी गीतमा अभिनय गरेका छन् । उनी अभिनित ‘याद पिया के आने लगी’ गीत चर्चित छ । यही गीतबाट उनले मोडलिङ करिअर थालेका हुन् । एबी इन्टरनेसनल र गौतम प्रोडक्सन एण्ड भ्वाइस फिल्म्सको सहकार्यमा निर्माण भएको फिल्मको निर्मातामा अमित बस्नेत, परी राना र आरोन बस्नेत छन् ।

सह-निर्माता अजित थापा र सनिस खकुरेल हुन् । अंकित गौतम कार्यकारी निर्माता रहेको फिल्मको एसोसिएट निर्मातामा सुरज कुँवर र अजित पल सिंह छन् । फिल्ममा सूर्यमाला खनाल, सलोन बस्नेत, अजुनजंग शाहीलगायतको पनि अभिनय छ । २०७९ सालको जेठमा बेलायतको लण्डनमा छायांकन सुरु भएको थियो । निर्माण कम्पनीले यसअघि ‘पासवर्ड’ र ‘सम्हालिन्छ कहिले मन’ फिल्म निर्माण गरेको छ । ‘लण्डन टू पेरिस’ प्रदर्शनको तयारीमा छ । यो कम्पनीले नेपालमा विदेशी फिल्मको वितरण पनि गर्दै आइरहेको छ ।

*-अनलाइन खबर डटकम*

# नेपाली निर्देशकको क्षमता कति ?

अहिलेको रोजाइका निर्देशक को हुन् भनेर खोजिए सम्भवत: रामबाबु गुरुङ, दीपेन्द्र के खनाल, प्रदीप भट्टराईलगायत व्यक्तिको नाम आउला । अहिले काम पाइरहने र धेरै निर्माताको ‘हिटलिस्ट’मा रहेका निर्देशक हुन् यी । त्यसो त यीमध्ये पनि सिनेमाको लगानी शतप्रतिशत सुरक्षित गर्ने निर्देशक प्रदीप भट्टराई मात्र हुन् । उनले अहिलेसम्म निर्देशन गरेका चारै चलचित्रले लगानी सुरक्षित गरेका छन् । यो सफलता गुरुङ र खनालले पाएका छैनन् । तर पनि उनीहरू नेपाली सिने नगरीमा निर्माताले खोज्ने निर्देशक हुन् । उनीहरूप्रति निर्माताको भरोसा छँदै छ । चाहे क्रिएटिभ भनौं वा कमर्सियल सबै सिनेमाको उद्देश्य कमाउने हुन्छ । होइन भने ‘क्रिएटिभ’ छवि बनाएका नवीन सुब्बा हुन् वा छिरिङ रितार शेर्पा उनीहरूले अहिलेसम्म कतै पनि आफ्ना सिनेमाको उद्देश्य पैसा कमाउने होइन भनेका छैनन् । उनीहरूले प्रस्ट भन्दै आएका छन्, ‘सिनेमा बिजनेस नै हो, तर आर्टको ।’ अर्थात्, कलाभित्र बिजनेस खोज्नुपर्छ भन्ने उनीहरूको मान्यता छ । कलाभित्र जसले बिजनेस खोज्न सक्छ, उही नै थप सफल निर्देशक दरिन्छ । तर, सबै राम्रा चलचित्र बक्सअफिसमा हिट हुन्छन् भन्ने हुँदैन ।

बर्सेनि बनाइने चलचित्रमध्ये करिब ९५ प्रतिशतले लगानी सुरक्षित गर्दैनन् । यसले चलचित्रमा गरिएको लगानी उच्च जोखिममा रहेको प्रस्ट संकेत गर्छ । त्यसो भए यसको जिम्मेवार को ? क्याप्टेनसिपका हिसाबले निर्देशक, जसले समग्र चलचित्रको नेतृत्व गर्छ । विषय छनोट, कथा र स्क्रिप्ट, कलाकार, सिनेमेटोग्राफर, ब्याकग्राउन्ड स्कोरर, कलरिस्ट, गीतसंगीत सबैको छनोट तथा लोकेसनको हन्ट निर्देशकले गर्छ । त्यसैले नैतिक रूपमा यसको जिम्मेवार निर्देशक नै हो । आंशिक रूपमा नैतिक जिम्मेवारी कलाकार, लेखकसहित अरूले पनि लिनु भिन्नै कुरा हो । निश्चय नै उनीहरू समेत सिनेमाको सफलता र असफलता दुवैको भागीदार हुन् । तर, मुख्य जिम्मेवार निर्देशक नै हो, चाहे उसले स्वीकार वा अस्वीकार गरोस् । नेपाली सिनेमा क्षेत्रलाई नजिकबाट बुझ्ने धेरैलाई थाहा छ, नेपालमा अधिकांश नयाँ निर्माता दोहोरिँदैनन् । दोहोरिएका सीमित निर्माताले निर्देशक दोहोर्‍याउँदैनन् । यसले नेपाली निर्देशक बजारले पत्याउने सिनेमा बनाउन सक्दैनन् भनेर निर्माताले मूल्यांकन गरिरहेको प्रस्ट्याउँछ । सिनेमा निर्देशकीय माध्यम हो । निर्देशकले जे चाहन्छ त्यो भन्न ऊ स्वतन्त्र छ । त्यसैले उसमा निर्माता मात्र होइन, जो कसैले पनि प्रश्न उठाउँन सक्छ । र, पाउँछ पनि । तर, यो सत्यलाई पनि भुल्न हुँदैन, चलचित्र निर्देशकीय माध्यम हो । उसको हातमा ‘चेन अफ कमान्ड’ हुन्छ । ऊ चलचित्र बनाउन स्वतन्त्र हुन्छ । यो त भयो चलचित्र निर्माणको विश्वव्यापी मान्यता, चुरो कुरा नेपालमा निर्देशक निर्देशनमा कति स्वतन्त्र हुन्छ भन्ने हो । नेपाली चलचित्रमा सोलो प्रोडुसर कमै हुन्छन् । पाँच एनआरएनए मिलेर २५/२५ लाख रुपैयाँ जम्मा गरेर सिनेमा बनाउने चलन छ । पाँचजनाको पाँच इन्ट्रेस्ट हुन्छ । कथादेखि कलाकारसम्ममा उनीहरूको रोजाइ हुन्छ । उनीहरू विदेशमा, निर्देशक नेपालमा । एउटाको एउटा धारणा, अर्कोको अर्कै जिकिर । एउटालाई बुझाए अर्कोलाई नसकिने, अर्कोले बुझे तेस्रोले प्रश्न उठाउने । केही समययता धेरै निर्देशकले भोगेको समस्या यही नै हो । काम नगरौं, सोलो निर्माता पाउनै गाह्रो । गरौं, चलचित्रको कथा के हुने, कलाकार को राख्नेसम्मको निर्णयमा निर्माताको हस्तक्षेप । कति त आफैं निर्माता, आफैं हिरो/हिरोइन । चलचित्र आफैंमा कमर्सियल र नन्कमर्सियल हुँदैन । कमाउने चलचित्र नै कमर्सियल हो । तर, नेपालमा बलिउड फर्मुलामा बनाइएका चलचित्रलाई कमर्सियल, गीत र फाइट नराखी बनाइएका सिनेमालाई नन्कमर्सियल भन्ने गरिएको पाइन्छ । यो सम्भवत: सामान्य बुझाइका लागि मात्र हो, कुनै सूत्र होइन । निर्देशक सुरुदेखि नै दबाबमा हुन्छ । चलचित्र कसरी कमर्सियल बनाउने भन्ने निर्माताको दबाबमा ऊ कथादेखि कलाकार छनोटसम्म हुन्छ । पूर्वमा यो रुचाइन्छ भनेर पूर्वको टेस्ट, पश्चिममा रुचाइन्छ भनेर पश्चिमको टेस्ट चलचित्रमा हालिन्छ । यो कलाकार एडल्टमा र यो युवापुस्तामा लोकप्रिय छ भनेर कलाकार छनोट गरिन्छ । कथाले कस्तो कलाकार माग्छ त्यो परको कुरा भयो । बजारमा को चलेको छ भनेर कलाकार छनोट गरिन्छ । अन्तत: चलचित्र ‘उँट’जस्तो बन्छ । सामान्य बुझाइको हिसाबमा नेपालमा आर्ट मुभीको समूहमा पर्ने ‘कबड्डी’ सिरिजले बक्सअफिसमा अनपेक्षित कमाइ गर्‍यो । कमर्सियल भनेर बनाइएका सिनेमाले भन्दा धेरै कमाउने ‘कबड्डी’लाई कसरी नन्कमर्सियल भन्ने ? त्यसैले कमर्सियल/नन्कमर्सियलभन्दा पनि अब्बल र इमानदार निर्देशक छनोट गरेर उसलाई भरोसा गर्दै स्वतन्त्र रूपमा काम गर्ने वातावरण दिनुपर्छ ।

यो स्वतन्त्रतामा क्षमतावान् निर्देशकले राम्रो काम देखाउन सक्छन् । यसको उदाहरणका रूपमा ‘लुट’, ‘पशुपतिप्रसाद’लाई लिन सकिन्छ । यी सिनेमा निर्देशक र केही मन मिल्ने साथीले आफ्नै खल्तीबाट पैसा निकालेर बनाएका थिए । ती सिनेमा समीक्षा र बक्सअफिस दुवैमा सफल भए । तर, तिनै निर्देशकले जब अर्काको पैसामा सिनेमा बनाए, उनीहरू अपेक्षित सफल हुन सकेनन् । त्यसैले स्वतन्त्र वातावरणमा काम गर्न नपाइरहेको अहिलेको अवस्थाबाट नेपाली चलचित्रलाई बाहिर ल्याउनुपर्छ, ताकि निर्देशकले विनारोकटोक आफ्नो ब्रह्मले जे देख्छ त्यस्तै चलचित्र बनाउन सकोस् । त्यसैले त भनिएको हो- कलाको कुनै आकार हुँदैन, निराकार हुन्छ । जब यसलाई आकारमा सीमित गर्न खोजिन्छ । त्यसको सिर्जनशीलता पनि खुम्चिन्छ । तुलनात्मक रूपमा नेपाली चलचित्रको इतिहास अरू देशको भन्दा छोटो होला । तर, ६० वर्ष आफैंमा छोटो समय होइन । भलै, बीच ( पञ्चायतकाल)को राजनीतिक उतारचढावले यसको विकासमा केही अवरोध सिर्जना गर्‍यो होला । यही भनेर हामीले अपेक्षित काम गर्न सकेनौं भन्दै उम्कन खोज्दैमा कमजोरी ढाकिँदैन । हामी अब्बल कोटीका मेकर हौं, तर समयले साथ दिएन भनेर इज्जत जोगिँदैन । कसैले विश्वास गरिदिँदैन । कमलको फूल हिलोमै फूल्ने हो । पत्थरको कापबाटै विशाल वरवृक्ष पलाएर आफ्नो बडेमाको पहिचान बनाउने हो । त्यसैले अब नेपाली सिनेमा क्षेत्र हिलोभित्रै फुल्नुपर्छ । अप्ठ्याराहरूबीच नै अब्बल काम गरेर आफूलाई प्रमाणित गर्नुपर्छ । कथा लेख्न लेखकलाई कमै प्रोडुसरले पर्याप्त पैसा दिन्छन् । लेखकलाई दुई महिना पनि समय उपलब्ध हुँदैन । विषयको रिसर्चका लागि समय हुँदैन । समय र बजेट दुवैको अभावमा अक्सर निर्देशकले नै सिनेमाको स्क्रिप्ट लेख्छन् । यी थुप्रै समस्याबीच नेपालमा सिनेमा बनाइँदै छ । स्रोतसाधनको अभाव, सानो बजार, घाटाको उच्च सम्भावनाबीच पनि निरन्तर यही क्षेत्रमा रहिरहनु नेपाली निर्देशकको एक अर्थमा क्षमता हो । लगातारको घाटाबीच समेत सम्भावना देखेर यही क्षेत्रमा रहिरहनु यहाँका निर्देशकको अब्बल मनोबल प्रशंसाको विषय हो ।

**सिनेमामा भएको विकास**


अभाव र सीमितताबीच धिमा गतिमा अगाडि बढिरहेको क्षेत्र हो, नेपाली चलचित्र । क्षितिजमा देखिएको आशाको किरण पछ्याइरहेको क्षेत्र हो यो । ६ दशकदेखि नेपालमा चलचित्र बनाइँदै छ । नेपाली भूमिमा नेपाली भाषामा ‘आमा’यता थुप्रै चलचित्र तयार भइसकेका छन् । योबीचमा थुप्रै जानराका सिनेमा बनाइएको छ । मेलो ड्रामादेखि हरर जनरासम्मका चलचित्र बनिसकेका छन् । धार्मिक, ऐतिहासिक, राजनीतिकदेखि सामाजिक विषयसम्मका चलचित्र निर्माण गरिएको छ । एकाध बायोपिक पनि निर्माण भइसकेका छन् । भलै, तिनले प्रशंसा बटुल्न नसकेको तितो सत्य हामीसामु छर्लंग छ । उपलब्ध सीमित साधनस्रोतबीच पनि सिनेमा निर्माणले निरन्तरता पाउँदा चलचित्रमा विविधता देखिन थालेको छ । यौनमनोविज्ञानदेखि सशस्त्र जनयुद्धसम्मका कथा नेपाली चलचित्रले उठान गरिसकेका छन् । नालापानीको कथादेखि भीमदत्तका बारेमा सिनेमा बनाइएको छ । ऐतिहासिक विषयमा ‘वसन्ती’देखि तेस्रोलिंगीका विषयमा ‘सकुन्तला’ बनिसकेका छन् । सफल साहित्यिक कृति ‘मुनामदन’, ‘मसान’, ‘समरलभ’, ‘तीनघुम्ती’मा सोही नाममा चलचित्र प्रदर्शन भइसकेको छ । यी चलचित्र कति सफल भए/भएनन्, त्यो समीक्षाको विषय हो । सफल साहित्यिक कृतिमा बनाइएका अधिकांश सिनेमा असफल यथार्थ हो । कृतिमा चलचित्र बनाउने निर्देशकका रूपमा दरिएका नीर शाह स्वंय कमजोरी स्वीकार्न हिचकिचाउँदैनन् । कृतिमाथि सिनेमा बनाउँदा आफूबाट यथेष्ट कमजोरी भएको उनी सार्वजनिक मञ्चहरूमै स्वीकार गर्छन् । तर पनि निर्देशक थाकेनन्/थाकेका छैनन् । सुरुमा नेपालमा फिल्म कलेज नै थिएन । अहिले पनि फिल्म कलेजको संख्या उल्लेख्य छैन ।

यस्तो अवस्थामा समेत विचलित नभएको नेपाली सिनेमा उद्योगले केही यस्ता चलचित्र दियो, जसले नेपालमा ठूलै बजार रहेको प्रमाणित गरिदिए । केहीले विदेशी बजारमा पनि प्रतिस्पर्धा गर्ने हैसियत राख्न सक्छन् भन्ने सन्देश दिन सफल भए । ‘छक्का पञ्जा’ र ‘कबड्डी’ सिरिजले मास अपिलिङ सिनेमा बनाउन सके २० करोड रुपैयाँ नेपाली भूमिबाटै उठाउन सकिने उदाहरण प्रस्तुत गरे । ‘कालो पोथी’, ‘ह्वाइट सन’ले गिनेचुनेकै इन्टरनेसनल फिल्म फेस्टिभलमा मेन क्याटोरीमै आफूलाई प्रतिस्पर्धामा उभ्याए । केही हदसम्म सफल पनि भए । ‘मुकुण्डो’, ‘नुमाफुङ’, ‘बुलबुल’, ‘डाइङ क्यान्डल’, ‘ऐना झ्यालको पुतली’लगायत केही चलचित्रले केही विदेशी अवार्डमा आफूलाई पुऱ्याए । नेपाली चलचित्र उद्योगको प्रतिनिधित्व गरे । अस्कार अवार्डमा भने नेपालले त्यति ठूलो सफलता पाउन सकेको छैन । ‘हिमालय-क्याराभान’ अन्तर्राष्ट्रिय विधातर्फ मनोनयनमा समेटिएको थियो । यो सिनेमा पनि फ्रान्सेली निर्देशक एरिक भ्यालीले बनाएका हुन् । यसलाई हाम्रो आफ्नै चलचित्र मान्ने कि नमान्ने त्यो बहसको विषय हो । योबाहेक नेपालबाट ‘मुकुण्डो’, ‘मुनामदन’, ‘बसाइँ’, ‘सुनगाभा’, ‘झोला’, ‘टलकजंग भर्सेस टुल्के’, ‘कालो पोथी’, ‘ह्वाइट सन’, ‘पञ्चायत’, ‘बुलबुल’ र ‘ऐना झ्यालको पुतली’लाई अस्कार अवार्डमा सिफारिस गरिएको थियो । यी कुनै सिनेमा मनोनयनमै परेनन् । यद्यपि, नेपाली चलचित्रले नयाँ विषय पस्कन थालेका छन् । आफ्नै माटोका मौलिक कथा निर्देशकले भन्न थालेका छन् ।

*-बाह्रखरी डटकम*

# कक्षा १२ को ग्रेडवृद्धि परीक्षा सञ्चालन

**पाल्पा,** असोज ९/मंगलबादेखि कक्षा १२ को ग्रेडवृद्धि परीक्षा सञ्चालन भएको छ । राष्ट्रिय परीक्षा बोर्डले गत साउन ३० गते भएको कक्षा १२ को नतिजा सार्वजनिकमा 'नन ग्रेडेड' (एनजी) ल्याएका विद्यार्थीहरूका लागि ग्रेड वृद्धि परीक्षा सञ्चालन गरेको हो ।



परीक्षाको पहिलो दिन एक विषयमा मात्र परीक्षा दिने परीक्षार्थीहरूको सबै विषयको परीक्षा, दुई विषयमा परीक्षा दिने परीक्षार्थीहरुका लागि आफूले परीक्षा दिने विषयमध्येको सानो कोड नम्बर भएको विषय तर अनिवार्य अंग्रेजी तथा अनिवार्य नेपाली दुवै विषयमा ग्रेडवृद्धि परीक्षामा सहभागी हुने परीक्षार्थीले पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा दिएका छन् भने उनीहरुले आज दोस्रो दिन अनिवार्य नेपाली विषयको परीक्षा दिने छन् । त्यस्तै दोस्रो दिन दुई विषयमा परीक्षा दिने परीक्षार्थीका लागि आफूले परीक्षा दिने विषयमध्येको ठूलो कोड नम्बर भएको विषयको परीक्षा हुने छ । देशभरका कूल चार सय १९ परीक्षा केन्द्रमा एकै साथ सुरु भएको परीक्षामा एक लाख २३ हजार तीन सय ९६ परीक्षार्थी ग्रेड वृद्धि परीक्षामा सहभागी भएका छन् । त्यसमध्ये एक विषयमा मात्र नन ग्रेडेड अर्थात् एनजी आउने ७९ हजार पाँच सय ८४ विद्यार्थी परीक्षामा सहभागी छन् । लेटर ग्रेडिङ निर्देशिकाअनुसार कुनै विषयमा ३५ प्रतिशत अंक पनि नल्याएमा ननग्रेडेड (एनजी) हुन्छन् । पाल्पाका परीक्षा केन्द्रमा शान्तिपूर्ण रुपमा परीक्षा सञ्चालन भएको छ । कक्षा १२ को परीक्षाफलमा ननग्रेड अर्थात् एनजी ल्याउने विद्यार्थीका लागिमात्र ग्रेडवृद्धि परीक्षा सञ्चालन गरिएको हो । मंगलबार र बुधबार दुई दिन परीक्षा सञ्चालन हुने छ । बिहान ११ बजेदेखि सुरु भएको परीक्षा अपराह्न २ बजेसम्म सञ्चालन भइरहेको छ ।

# पर्यटकीय सिजन नै...

...नेपाल एसोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) पाल्पाका अध्यक्ष राजीव शाहा पनि पछिल्लो समयको आगमनले पर्यटनमा खुसी हुने अवस्था नरहेको बताउँछन् । 'सिजनको व्यापारबाट सन्तुष्ट हुने आधार छैन । कोभिड अघि सिजन भनेपछि हामीलाई भिन्नै उत्साह पलाउथ्यो,' उनले भने, 'अहिले भने उत्साहजनक अवस्था नै हुन छाडेको छ ।' नाट्टा पाल्पाले भने पहिचान हुन नसकेकाहरु पर्यटकीय स्थलहरुको खोजी र पहिचान भएकाहरुको प्रचार-प्रसार गर्ने प्रयास गर्दै आएको छ । उसले साउन भर हरेक शनिबार पदयात्रा सञ्चालन गरेको थियो । कोरोना संक्रमणका कारण लामो समयदेखि तहसनहस भएको पर्यटन क्षेत्रमा नयाँ आशा जगाउन पदयात्रा गरेको नाट्टाले अब त्यसको बजार व्यवस्थापनमा लाग्ने तयारी गरेको अध्यक्ष शाहाले बताए ।

रिब्दीकोट गाउँपालिका-४ स्थित भैरवस्थान मन्दिरमा पछिल्लो समय आन्तरिक दर्शनार्थीहरुको आगमनमा वृद्धि भएपनि बाह्य दर्शनार्थीको उपस्थिति निकै कम रहेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष गोविन्द पोखरेलले बताए । शनिबार र सार्वजनिक बिदाका दिन पाँचदेखि सात हजारसम्म आन्तरिक पर्यटक आउने गरेको उनले बताए । उनका अनुसार कोभिड-१९ हुनुअघि भने शनिबार र बिदाका समयमा दिनमा १० देखि १२ हजारसम्म पर्यटक भित्रिने गरेका थिए । उनले स्थानीय सरकार, नीजि संघसंस्थाहरुले पर्यटन क्षेत्रको विकासमा ध्यान नदिदा पाल्पाको पर्यटन क्षेत्रले गति लिन नसकेको बताए । उनले भने 'तानसेनलाई केन्द्र बनाएर पदमार्गको व्यवस्था मिलाउन सकेमा पर्यटकीय चहलपहल बढाउन सकिन्छ ।'

# कोइला अभावमा आरन...

... विश्वकर्माले बाउबाजेले गरेको पेसालाई आफूले निरन्तरता दिए पनि कोइलाको अभाव हुँदा पुर्खौली कामलाई निरन्तरता दिन कठिन भइरहेको बताए । 'गोलका लागि नन्डुके, साल, खयर, बेल, गोलैंची, धँयरो, बेलउती लगायतका काठ राम्रो मानिन्छ,' उनले भने 'पहिलेपहिले साल खयर काट्न पाइन्थ्यो, हिजोआज काट्न पाईदैन, अन्य काठ बालीघरे गर्दा विष्टहरुले त्यसै दिन्थे हिजोआज महँगो मूल्य तिरेर किन्नुपर्छ ।' विश्वकर्माले बजारमा ४० किलो कोइलाको मूल्य तीन हजार पाँच सय सय भन्दा बढी रहेको जनाउँदै बजारमा पर्याप्त मात्रमा किन्न पनि नपाइने गुनासो गरे । हँसिया, बञ्चरो, कोदाली, कुटो, फाली लगायतका सामान नयाँ बनाउने तथा पुराना मर्मत समेत गर्ने गरेको उनले बताए । विश्वकर्माका अनुसार आरनको काम गरेर मासिक रू २०/२५ हजार सम्म आम्दानी हुने गरेको छ । 'कोदाली, सानो हँसिया अर्चापेको रू ५०, घाँस काट्ने हँसियाको रू ७०, बञ्चरो र खुर्पाको रू एक सय ज्याला लिने गरेको छु,' उनले भने, 'नयाँ बञ्चरो एक हजार ६ सय, घाँस काट्ने हाँसिया चार सय, कोदाली एक हजारसम्ममा बिक्री गर्ने गरेको छु ।' पहिलेको तुलनामा हिजोआज नयाँ फलामका औजार किन्ने र अर्चाप तिखार गर्न आउनेको संख्यामा कमि आएको विश्वकर्माले बताए । 'हिजोआज भैंसी पाल्न र खेती गर्न छोडेका छन्, त्यसैले कृषि औजार पनि कम प्रयोग भएका छन्,' उनले थपे, 'पहिलेपहिले ३० वटा हँसिया लिएर बेच्न जाँदा एउटै गाउँमा सकिन्थ्यो, हिजोआज दश गाउँ ठुल्दा पनि १० वटा हँसिया बेच्न मुस्किल पर्छ ।' उनले परम्परागत शैलीमा आरन व्यवसाय गर्दा श्रम र समयको खर्च बढी हुने गरेको दःुखेसो पोखे । 'मलाई फलाम जमाउनका लागि वेल्डिङ मेसिन, धार लगाउन काट्न र चिल्लाउनका लागि ग्रेन्डर र आगो फुक्नका लागि विजुलीबाट चल्ने मेसिन आवश्यक छ,' विश्वकर्माले भने, 'मसँग किन्नका लागि पैसा छैन । सरकारले दिएमा काम गर्न सहज हुन्थ्यो ।' उनले नौ दश वर्षकै उमेरदेखि बुबा आरनमा काम गर्दा खलाँती फुक्ने र काम सिक्ने गरेको बताए । उनले १६ वर्षको हुँदादेखि फलामको सबै काम सिकेको बताए ।

गल्याङ नगरपालिकाका प्रमुख गुरुप्रसाद भट्टराईले दलित समुदायले गर्दै आएका परमपरागत पेसा संरक्षणका लागि नगरपालिकाले विशेष योजना ल्याएको बताए । उनले गत साउनमा आरन व्यवसाय गर्नेहरुलाई 'आरन सुधार कार्यक्रम'अन्तर्गत हाते पङ्खा, हम्बर, लिही, घन, ग्रेन्डर, वेल्डिङ मेसिन, सनासो, रेती, जस्तापातालगायतका सामग्री वितरण गरेको जानकारी दिए । नगरप्रमुख भट्टराईले गल्याङ बजारका परियार समुदायका लागि पनि नगरपालिकाले पोसाकसहित पञ्चेवाजा वितरण गरेको बताए । 'पालिका परम्परागत पेसा, सीपको संरक्षणमा गम्भीरतापूर्वक अगाडि बढेको छ,' उनले भने, 'आगामी दिनमा पनि कसरी अगाडि बढ्दा परम्परागत पेसा गर्दै आएका समुदायको सम्मान हुन्छ भन्ने विषयमा सुझाव संकलन गरी नीति तथा कार्यक्रम तयार गरेका छौं ।' *-रासस*

## खेलकुद समाचार

### विश्वकपका लागि श्रीलंकाली टोलीको घोषणा



**काठमाडौं,** असोज ९/भारतमा आयोजना हुने आईसीसी एकदिवसीय विश्वकपका लागि श्रीलंकाली टोलीको घोषणा गरिएको छ । श्रीलंका क्रिकेट (एसएलसी) ले मंगलबार दसुन सानकाको कप्तानीमा १५ सदस्यीय टोलीको घोषणा गरेको हो ।

एकदिवसीय विश्वकप क्रिकेटको १३औं संस्करण अक्टोबर ५ देखि नोभेम्बर १९ सम्म भारतमा आयोजना हुँदैछ । आफ्नो टोलीमा युवा र अनुभवी खेलाडीको समिश्रण रहेको श्रीलंकाली क्रिकेटले जनाएको छ । विश्वकपका लागि घोषित श्रीलंकाली टोलीमा दसुन सानका (कप्तान), कुसल मेन्डिस (विकेटकिपर तथा उपकप्तान), पाथुम निसानका, कुशल जनिथ, दिमुथ करुणारत्ना, चरिथ असालंका, धनन्जया डा सिल्भा, सदिरा सामराबिक्रमा, दुनिथ वेल्लालागे, कसुन रजिथा, मथिसा पाथिराना, लाहिरु कुमारा, वानिन्दु हसारंगा, महिस थिकसना र दिल्सान मधुसानका रहेका छन् । आगामी विश्वकपका लागि हालसम्म नौवटा राष्ट्रले टोलीको घोषणा गरिसकेका छन् । अब बंगलादेशले मात्र टोलीको घोषणा गर्न बाँकी छ । यसअघि घोषित पाकिस्तानी टोलीमा बाबर आजम (कप्तान), सदाब खान, फाखर जामन, इमाम उल हक, अब्दुल्लाह सफिक, मोहम्मद रिजवान, साउद सकिल, इफ्तिखार अहमद, सलमान अली अघा, मोहम्मद नवाज, उसमा मिर, ह्यारिस रउफ, हसन अली, साहिन शाह अफरिदी र मोहम्मद वसिम रहेका छन् । इङ्ल्यान्डको टोलीमा जस बट्लर (कप्तान), मोइन अली, गस एट्किन्सन, जोनी बेयरस्ट, ह्यारी ब्रुक, साम कुर्रान, लियाम लिभिङ्स्टोन, डेविड मलान, अदिल रसिद, जोए रुट, बेन स्टोक्स, रिसे टपली, डेभिड विली, मार्क उड र क्रिस वाक्स रहेका छन् । अफगानिस्तानको टोलीमा हसमतुल्लाह साहिदी (कप्तान), इब्राहिम जदरान, रहमानुल्लाह गुरबाज, रहमत शाह, रियाज हसन, नजिबुल्लाह जदरान, मोहम्मद नाबी, इकरम अलिखिल, अजमतुल्लाह ओमरजाई, रसिद खान, अब्दुल रहमान, नुर अहमद, मजिब उर रहमान, फजालहक फारुकी र नविन उल हक रहेका छन् ।

आवश्यकता
तानसेन नगरपालिका-२ मेहलधारामा रहेको मेडिकलको लागि एक जना ल्याव असिस्टेन्ट (Lab Assistant) आवश्यक परेकाले योग्य व्यक्तिले निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ ।
शिल्पा फर्मा/क्लिनिक
तानसेन-२, मेहलधारा, पाल्पा
(बेथल बोडिङ्ग स्कुल जाने बाटो नजिकै)
सम्पर्क नं. : ९८४५१७५६८६
नशा तथा मनोरोग विशेषज्ञ डा.भास्कर शर्माद्वारा विशेष उपचार गरिन्छ ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्सेमा दोहोरो अंकले वृद्धि



**पाल्पा,** असोज ९/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको वृद्धि देखिएको छ । मंगलबार नेप्से परिसूचक १८ दशमलव ४५ अंकले बढेर दुई हजार २२ दशमलव ९१ को बिन्दुमा कायम भएको हो ।

विभिन्न कम्पनीका दुई सय ८६ कम्पनीको ८७ लाख चार हजार चार सय ७७ कित्ता शेयर ७८ हजार छ सय १६ पटक खरिदबिक्री हुँदा रू दुई अर्ब नौ करोड ३८ लाख नौ हजार पाँच सय १८ बराबरको कारोबार भएको छ । होटल तथा पर्यटन समूहको उपसूचक शून्य दशमलव १८ प्रतिशतले घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै जलविद्युत समूह तीन दशमलव नौ प्रतिशत र वित्त समूहको उपसूचक एक दशमलव ४४ प्रतिशतले बढेको छ । मेन्छियाम हाइड्रोपावर लिमिटेड र मनकामना इन्जिनियरिङ हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । त्यस्तै, शुभम् पावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशत र मोलुङ हाइड्रोपावर कम्पनीको शेयर मूल्य नौ दशमलव ९६ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै मूल्य घट्नेमा भने हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड छ । कम्पनीको शेयर मूल्य पाँच दशमलव ८७ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआइसी एसिया बैंक लिमिटेडको रू आठ करोड ३४ लाख ६६ हजार दुई सय २४ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा हिमाल दोलखा हाइड्रोपावर लिमिटेडको चार लाख १४ हजार आठ सय ५० कित्ता शेयर खरिदबिक्री भएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई